## मिति २०७९ असोज ३० गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको निर्णय कार्यान्वयन तथा समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : महालेखा परिक्षकको आ.व. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदनको छलफल सम्बन्धमा

प्रस्ताव नं. ३ : १२ नं. वडा कार्यालयको भवन निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : मेलम्ची र ईन्द्रावती नदीमा पक्की मोटर पुल निर्माणको लागि प्राविधिक अध्ययन गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : ९ नं. वडा कार्यालयको भवन निर्माण सम्बन्धी बोलपत्रको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कार्यालय सहयोगी हर्क बहादुर तामाङको राजिनामा स्वीकृत गरी सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : कार्यालय सहयोगी मान लामा तामाङको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : वडा कार्यालय भवन निर्माणको लागि श्रोत सुनिश्चितता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १० : स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको अ.न.मी. पदको स्थायी पदपूर्तिको लागि लेखि पठाउने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : उद्यम विकास कार्यक्रम संचालनको लागि वडा छनौट सम्बन्धमा ।

प्रस्ताव नं. १२ : "घ" वर्गको निर्माण ईजाजत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : सेवक नेपालसंगको साझेदारीमा कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : निर्वाचन आचार संहिताको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं १६ : जागेश्वरी आ.वि. मतदान केन्द्रको मर्मत संभार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ : विभिन्न मन्त्रालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोबाट प्राप्त पत्रको बारेमा जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. १८ : शुभकामना आदानप्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १९ : सार्वजनिक जग्गाको नाँपजाँच गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २० : विपद् कार्यमा प्रयोग भएको स्काभेटरको खर्च रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. २१ : योजना संशोधन सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक

## निर्णयहरु

निर्णय नं. १ : अघिल्लो कार्यपालिका वैठकबाट भएका निर्णय कार्यान्वयनका सम्बन्धमा आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २ : आ.व. २०७८/०७९ मा मेलम्ची नगरपालिकाको आर्थिक कारोवारहरुको लेखा परिक्षण गरी महालेखा परिक्षकको कार्यालयबाट प्राप्त भएको लेखा परीक्षण प्रतिवेदन र उक्त प्रतिवेदनमा औंल्याइएका बेरुजुहरु र सोको फछ्यौंटको सम्बन्धमा कार्यपालिका वैठक समक्ष जानकारी गराई छलफल गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिका वडा नं. १२ को वडा कार्यालयको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा निशुल्क जग्गा प्राप्तीको लागि सम्बन्धित वडा कार्यालयबाट पुन: ७ (सात) दिनको सूचना प्रकाशन गर्न निर्देशन गर्नुको साथै उक्त सम्बन्धमा भएको प्रगति आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो । साथै, वडा नं. ४ को वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा प्राप्त भएको ज्ञापन पत्र वैठक समक्ष जानकारी गराइयो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिकाको मेलम्ची शिखरपुर नवलपुर चौतारा सडक खण्ड अन्तर्गत ईन्द्रावती नदीमा निर्माण गरिएको र मेलम्ची हुँदै दुवाचौर जोड्ने मेलम्ची नदीमा निर्माण गरिएको पक्की मोटर पुल मिति २०७८ असार १ गते आएको भिषण बाढीबाट बगाएको हुँदा हाल मेलम्ची हुँदै चौतारा, ईन्द्रावती, पाँचपोखरी र दुवाचौरसम्मको यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा मेलम्ची तथा ईन्द्रावती नदी माथि पक्की पुलको पुनर्निर्माण गर्नको लागि प्राविधिक अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका वडा न. ९ को पक्की वडा कार्यालय भवन निर्माण गर्नको लागि मिति २०७९/०६/०६ मा बोलपत्र सूचना प्रकाशन गरिएकोमा केही प्राविधिक कारणबाट वडा कार्यालय निर्माण गर्ने जग्गा सम्बन्धित वडा कार्यालयको नाममा रजिष्ट्रेशन पास भई आइनसकेको हुँदा मिति २०७९/०६/०६ मा प्रकाशित बोलपत्र सूचनाको म्याद एक महिना थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ७ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री हर्क बहादुर तामाङको मिति २०७८/०२/२१ मा उमेर हद पूरा भई अनिवार्य अवकाश हुनुपर्नेमा निजले मिति २०७९/०६/१३ सम्म कार्यालयमा नियमित कामकाज गरी सेवा सुविधा प्राप्त गरेकोमा निजको राजिनामा स्वीकृत गरी सो पश्चात १५ महिना २३ दिन बढी अवधिको निजले प्राप्त गरेको सेवा सुविधा नियमानुसार नगरपालिकाको खातामा दाखिला गरी निजले नियमानुसार प्राप्त गर्ने सेवा सुविधा कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिका वडा नं. ४ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री मान लामा तामाङको मिति २०७७/११/१४ मा उमेर हद पूरा भई अनिवार्य अवकाश हुनुपर्नेमा निजले मिति २०७८/६/३० सम्म कार्यालयमा नियमित कामकाज गरी सेवा सुविधा प्राप्त गरेकोमा निजको राजिनामा स्वीकृत गरी निजले नगरपालिकाबाट बढी प्राप्त गरेको रकम नगरपालिकाको बैंक खातामा दाखिला गरि

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : अघिल्लो कार्यपालिका वैठकबाट भएका निर्णय कार्यान्वयनका सम्बन्धमा आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २ : आ.व. २०७८/०७९ मा मेलम्ची नगरपालिकाको आर्थिक कारोवारहरुको लेखा परिक्षण गरी महालेखा परिक्षकको कार्यालयबाट प्राप्त भएको लेखा परीक्षण प्रतिवेदन र उक्त प्रतिवेदनमा औंल्याइएका बेरुजुहरु र सोको फछौंटको सम्बन्धमा कार्यपालिका वैठक समक्ष जानकारी गराई छलफल गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिका वडा नं. १२ को वडा कार्यालयको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा छलफल हुँदा निशुल्क जग्गा प्राप्तीको लागि सम्बन्धित वडा कार्यालयबाट पुन: ७ (सात) दिनको सूचना प्रकाशन गर्ने निर्देशन गर्नुको साथै उक्त सम्बन्धमा भएको प्रगति आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो । साथै, वडा नं. ४ को वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा प्राप्त भएको ज्ञापन पत्र वैठक समक्ष जानकारी गराइयो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिकाको मेलम्ची शिखरपुर नवलपुर चौतारा सडक खण्ड अन्तर्गत ईन्द्रावती नदीमा निर्माण गरिएको र मेलम्ची हुँदै दुवाचौर जोड्ने मेलम्ची नदीमा निर्माण गरिएको पक्की मोटर पुल मिति २०७८ असार १ गते आएको भिषण बाढीबाट बगाएको हुँदा हाल मेलम्ची हुँदै चौतारा, ईन्द्रावती, पाँचपोखरी र दुवाचौरसम्मको यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा मेलम्ची तथा ईन्द्रावती नदी माथि पक्की पुलको पुनर्निर्माण गर्नको लागि प्राविधिक अध्ययन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका वडा न. ९ को पक्की वडा कार्यालय भवन निर्माण गर्नको लागि मिति २०७९/०६/०६ मा बोलपत्र सूचना प्रकाशन गरिएकोमा केही प्राविधिक कारणबाट वडा कार्यालय निर्माण गर्ने जग्गा सम्बन्धित वडा कार्यालयको नाममा रजिष्ट्रेशन पास भई आइनसकेको हुँदा मिति २०७९/०६/०६ मा प्रकाशित बोलपत्र सूचनाको म्याद एक महिना थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिका वडा नं. ७ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री हर्क बहादुर तामाङको मिति २०७८/०२/२१ मा उमेर हद पूरा भई अनिवार्य अवकाश हुनुपर्नेमा निजले मिति २०७९/०६/१३ सम्म कार्यालयमा नियमित कामकाज गरी सेवा सुविधा प्राप्त गरेकोमा निजको राजिनामा स्वीकृत गरी सो पश्चात १५ महिना २३ दिन बढी अविधको निजले प्राप्त गरेको सेवा सुविधा नियमानुसार नगरपालिकाको खातामा दाखिला गरी निजले नियमानुसार प्राप्त गर्ने सेवा सुविधा कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिका वडा नं. ४ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री मान लामा तामाङको मिति २०७७/११/१४ मा उमेर हद पूरा भई अनिवार्य अवकाश हुनुपर्नेमा निजले मिति २०७८/६/३० सम्म कार्यालयमा नियमित कामकाज गरी सेवा सुविधा प्राप्त गरेकोमा निजको राजिनामा स्वीकृत गरी निजले नगरपालिकाबाट बढी प्राप्त गरेको रकम नगरपालिकाको बैंक खातामा दाखिला गरि

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

सकेको हुँदा निजले नियमानुसार प्राप्त गर्ने सेवा सुविधा कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : मेलम्ची नगरपालिकाको नगर सभाबाट वडा नं. ४,७ र १२ को वडा कार्यालय भवन निर्माण गर्नको लागि आ.व. २०७९/०८० मा रु. ३ करोड बजेट विनियोजन भएकोमा उक्त वडा कार्यालयहरु मध्ये वडा नं. ७ को वडा कार्यालय भवन निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिम रु. २,९९,९८,५७८।५९ हुन आएकोमा उक्त योजना बहुवर्षिय योजनाको रुपमा स्वीकृत गरी ठेक्का प्रक्रिया अगाडि बढेको हुँदा आगामी आर्थिक वर्षको लागि सिर्जित दायित्व रु. १,९९,९८,५७८।५९ आगामी आर्थिक वर्ष प्राप्त हुने आन्तरिक आयबाट श्रोत सूनिश्चतता गर्ने निर्णय गरियो ।साथै, वडा नं. ४ र १२ को वडा कार्यालय भवन निर्माणको लागि नपुग रकम आगामी आर्थिक वर्षमा प्राप्त हुने आन्तरिक आयबाट श्रोत सूनिश्चतता गर्ने गरी बहुवर्षिय ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ९ : मेलम्ची नगरस्तरीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको मिति २०७९ असोज ३० गतेको वैठकबाट भएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

(क) मेलम्ची नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट देहाय बमोजिमका योजनाहरु तथा आर्थिक सहायतामा भएको खर्च भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | रत्न बहादुर खड्का, मेनपा९- | १००००.०० | |
| २ | नवराज वस्याल | १००००.०० | |
| ३ | दिपक चालिसे, मेनपा११- | ८०००.०० | |
| ४ | वीर बहादुर तामाङ, मेनपा६- | १००००.०० | |
| ५ | पहिरोले अवरुद्द सडक संचालनमा प्रयोग भएको मेसिनको भुक्तानी, मेनपा३- | ३८०२६.०० | |
| ६ | कर्ण बहादुर तामाङ, मेनपा१- | १००००.०० | |
| ७ | शान्ति आर्याल, मेनपा४- | १५०००.०० | |
| ८ | मेनपास्थित मेलम्ची ९- तिपेनी सडक खण्डको राम्चे खोल्छी पहिरो संरक्षण | २५८१४२८.०० | |
| ९ | मेनपास्थित ११- जोखिमयुक्त रुख व्यवस्थापन | ९९४५९.०० | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| क्र.सं. | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| १० | जिल्ला प्रशासन कार्यालयको पत्र र संलग्न टिप्पणी बमोजिम बाढी पिडितको आवास पुनर्निर्माणको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा जम्मा गरिएको | ५१७५००.०० | |
| ११ | कृष्ण कुमारी चौलागाई, मेनपा५- | ५०००.०० | |
| १२ | प्लास्टिक खरिद, मेनपा २ र ३ | ४६८३२.०० | कर बाहेक |
| १३ | लहरीमाया तामाङ, मेनपा१- | १५०००.०० | |
| १४ | विश्वनाथ चौलागाई, मेनपा१- | २५०००.०० | |
| १५ | सानुमाया थापा, मेनपा१- | ७०००.०० | |
| १६ | लोक बहादुर खनाल, मेनपा१०- | ५०००.०० | |
| १७ | सरस्वती भुजेल, मेनपा११- | ५०००.०० | |
| १८ | निलकण्ठ खतिवडा,मेनपा२- | ७०००.०० | |
| १९ | उद्‍व कुमार खतिवडा,मेनपा२- | ७०००.०० | |
| २० | पार्वती चौलागाई,मेनपा२- | ७०००.०० | पहिरो प्रभावित |
| २१ | समर सिं तामाङ,मेनपा२- | ७०००.०० | |
| २२ | डिल्ली प्रसाद चौलागाई,मेनपा२- | ७०००.०० | |
| २३ | टेक बहादुर तामाङ,मेनपा२- | ७०००.०० | |
| २४ | मेनपा २ र ४ को सडक तथा अन्य वडाहरुमा रहेका सडकहरु मर्मतको भुक्तानी | ९८४७११.०० | |
| २५ | तोक बहादुर दमाई, मेनपा१३- | ७०००.०० | |
| २६ | सुकमान तामाङ, मेनपा७- | ५०००.०० | |
| २७ | नानु ढकाल, मेनपा१३- | ५०००.०० | |
| २८ | कटुवा वेशी बस्ति संरक्षण, मेनपा१०- | ३५०२२३.०० | |
| २९ | बगैचा दोभारटार मोटरबाटो संरक्षण, मेनपा११- | ६००५९७.०० | |
| ३० | श्याम कुमार श्रेष्ठ, मेनपा१३- | २४५००.०० | आगलागी पिडित |

| क्र.सं. | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|
| ३१ | मेनपा११- स्थित दनुवार बस्ति तथा फट्टे बस्ति संरक्षण | ५५६५००.०० | भ्याट बाहेक |
| जम्मा | | ५९८३७७६.०० | |

(ख) मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट मेलम्ची नगरपालिकामा रहेका पिडित जग्गाधनिहरुलाई राहत उपलब्ध गराउने मिति २०७८ फाल्गुन २५ गतेको कार्यपालिका बैठकबाट स्वीकृत मापदण्ड बमोजिम राहत रकम पाउन छुट भएका जग्गाधनि पिडितहरुलाई राहत उपलब्ध गराउनका लागि मिति २०७९ श्रावण २६ गतेको विपद् व्यवस्थापन समितिबाट गठन गरिएको कार्यदलको सिफारिस बमोजिम तपशिलमा उल्लेखित छुट जग्गाधनी पिडितहरुलाई जनही रु. १०,०००|- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) राहत रकम मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.स. | जग्गाधनी प्रभावितहरुको नाम | ठेगाना | कित्ता नम्बर | क्षेत्रफल | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एक बहादुर खड्का | मेनपा६- | ७२३ | ०३-१-५- | रु१०.,०००|- | |
| २ | लछुमन माझि | मेनपा१२- | ७४७ | ०१-१-४- | रु१०.,०००|- | |
| ३ | स्वअर्जुन बहादुर .भट्टराई | मेनपा१२- | १५६६ | ७०-२-२- | रु१०:,०००|- | राज कुमार भट्टराई (छोरा( |
| ४ | राजेन्द्र प्रसाद नेपाल | मेनपा१२- | ५३९, १०९६ | १०-२-०-, २२-०-१४- | रु१०.,०००|- | |
| ५ | तेज प्रसाद तिवारी | मेनपा१२- | १४४८ | ३०-०-०- | रु१०.,०००|- | |
| ६ | चरी तिवारी | मेनपा१२- | १४७१ | १०-२-६- | रु१०.,०००|- | |
| ७ | खुल बहादुर भट्टराई | मेनपा१२- | १९७१ | २०-०-९- | रु१०.,०००|- | |
| ८ | अनिता लामिछाने (भट्टराई( | मेनपा१२- | १८२१ | ००-२-१२- | रु१०.,०००|- | |
| ९ | कुमार तिवारीकमला+ तिवारी | मेनपा१२- | १८४८ | १०-०-८- | रु१०.,०००|- | - |
| १० | विष्णु प्रसाद तिवारी | मेनपा१२- | १५४४ | २०-१-१४- | रु१०.,०००|- | |
| जम्मा | | | | | रु १,००,०००|- | |

(ग) मेलम्ची नगरपालिका भित्रका विभिन्न वडाहरुबाट विपद् बाट प्रभावित भएका तथा जोखिममा रहेका निजि आवास तथा विपद् प्रभावित योजनाहरुसंग सम्बन्धित निवेदनहरु प्राप्त भएको हुँदा उक्त निवेदनको सम्बन्धमा स्थलगत अध्ययन गरि सिफारिस गर्नका लागि देहाय अनुसारको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. मेलम्ची नपा उपप्रमुख श्री उमा प्रधान –संयोजक
२. सम्बन्धित वडाका वडा अध्यक्ष –सदस्य
३. सम्बन्धित वडा हेर्ने ईन्जिनियर –सदस्य
४. विपद् व्यवस्थापन शाखा प्रमुख श्री सुजन दुलाल –सदस्य सचिव

निर्णय नं. १० : मेलम्ची नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका अ.न.मी. पदको स्थायी पदपूर्तिको लागि बागमती प्रदेश, प्रदेश लोकसेवा आयोगमा माग आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ११ : आ.व. २०७९/०८० मा लघु उद्यम विकास कार्यक्रम संचालनको लागि वडा नं. २ र ४ छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : "घ" वर्गको निर्माण ईजाजत सिफारिस समितिबाट देहाय बमोजिमका निर्माण व्यवसायहरुलाई ईजाजत प्रदान गर्नको लागि सिफारिस भई आएको हुँदा तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | निर्माण व्यवसाय/फर्मको नाम | प्रोपाइटरको नाम थर | ठेगाना |
|---|---|---|---|
| १ | पाल्चेनगढी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | राजकुमार अर्याल | मेनपा-४ |
| २ | जय सिद्धिकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | प्रकाश कार्की | मेनपा-१० |
| ३ | एन.बि श्रेष्ठ कन्स्ट्रक्सन प्रा.लि. | नेत्र बहादुर श्रेष्ठ | मेनपा-७ |
| ४ | फटकशीला निर्माण सेवा प्रा.लि. | राजन दंगाल | मेनपा-१३ |
| ५ | एस.टि.एम निर्माण सेवा प्रा.लि. | सरोज थापा मगर | मेनपा-१० |
| ६ | डि.लि.एस इन्जिनियरिङ प्रा. | दिपक दुलाल | मेनपा-११ |
| ७ | के एण्ड डि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | किसन दुलाल | मेनपा-११ |
| ८ | लाफिङ बुद्ध कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | खडक बहादुर तामाङ | मेनपा-८ |
| ९ | दुलाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | छविलाल दुलाल | मेनपा-२ |

निर्णय नं. १३ : मेलम्ची नगरपालिका वडा नं. ९ स्थायी निवासी श्री केशर बहादुर खड्का शारिरिक एवं मानसिक रुपमा अपाङ्गता भई आर्थिक अवस्था समेत कमजोर रहेको र निजले शौचालाय निर्माण एवं मर्मत संभार गरी सम्पन्न गर्नका लागि मेलम्ची नगरपालिकामा आर्थिक सहयोग माग गरेको हुँदा निजलाई विविध

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. ३०,०००।— (अक्षरुपी तीस हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४ : सेवक नेपालबाट संचालन गरिने कार्यक्रमको लागि मेलम्ची नगरपालिका वडा नं. ९ छनौट गरिएको र उक्त संस्थाबाट साझेदारी कार्यक्रम संचालनका लागि अनुरोध भई आएको हुँदा उक्त कार्यक्रमका सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुँदा सेवक नेपालबाट पेश भएको साझेदारी कार्यक्रममा सम्बन्धित वडामा विनियोजन भएको बजेटबाट खर्च हुने गरी लागत साझेदारी मार्फत कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : मेलम्ची नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरुलाई प्रदेश तथा प्रतिनिधि सभा निर्वाचन, २०७९ को लागि निर्वाचन आयोगबाट जारी गरिएको निर्वाचन आचार संहिताको बारेमा जानकारी गराइयो ।

निर्णय नं. १६ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित जागेश्वरी आ.वि. मतदान केन्द्रमा आसन्न प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनको लागि मतदान स्थलको आवश्यक व्यवस्थापन गर्नपर्ने देखिएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम मर्मत संभार कोषबाट खर्च हुने गरी मतदान केन्द्रको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसान्धन आयोग लगायत अन्य विभिन्न निकायहरुबाट प्राप्त भएको पत्रको सम्बन्धमा कार्यपालिका बैठकमा जानकारी गराइयो।

निर्णय नं. १८ : मेलम्ची नगरपालिकाबाट दिपावली, छठ, नेपाल संवत लगायतका चाडपर्वहरुको अवसरमा मिति २०७९ कार्तिक ६ गते विहान ७:३० बजे देखि १०:३० बजेसम्म चियापान तथा शुभकामना आदानप्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : मेलम्ची नगरपालिका वडा नं. २ स्थित एभरेष्ट चियाबगानले भोगचलन गरेको सार्वजनिक जग्गा लगायत नगरपालिका भित्र रहेका अन्य सार्वजनिक जग्गाहरु नाँपजाँच गरी बहाल बिटौरी शुल्क संकलन गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : मेलम्ची नगरपालिका वडा नं. ६ मा यस वर्षको बाढी पहिरोबाट अबरुद्ध सडक एवं अन्य पहिरो पन्छाउनको लागि ७२ घण्टा स्केभेटर प्रयोग भएको र वडा नं. १३ स्थित फट्केश्वर छापभञ्ज्याङ्ग सडक पन्छाउनको लागि ५ घण्टा स्काभेटर प्रयोग भएको हुँदा उक्त विपद्को कार्यमा प्रयोग भएको स्काभेटर बापतको खर्च रकम विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २१ : मेलम्ची नगरपालिका वडा नं. ११ को तपसिल बमोजिमको योजना संशोधन गर्नको लागि अनुरोध भई आएको हुँदा देहाय अनुसार योजना संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट रु. | संशोधित योजनाको नाम | बजेट रु. |
|---|---|---|---|---|
| १ | टार भित्री सडक तथा ढल व्यवस्थापन, मेनपा ११ | ५,००,०००।— | सोलार बत्ती व्यवस्थापन, मेनपा ११ | ५,००,०००।— |
| २ | घडेरी पिपलबोट शिव मन्दिर निर्माण, मेनपा १० | २,००,०००।— | घडेरी पिपलबोट शिव मन्दिर संरक्षण, मेनपा १० | २,००,०००।— |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक